वर्ष २९ अङ्क ३ सितम्बर, २०२१ SEPTEMBER, 2021

E-PAPER

मासिक प्रकाशन

सिक्किम डेमोक्रेटिक फ्रण्ट-को मुखपत्र

# सिक्किम परिवर्तन

### सन्दर्भ संविधान १२७ औं संसोधन विधेयक २०२१

# हाम्रो लक्ष्य र सपना सही दिशामा रहेको प्रमाणित भएको छ : अध्यक्ष चामलिङ

**प्रश्न : जनवरी, २०१९ –मा केन्द्र सरकारले आर्थिक रूपले कमजोर अगौटे वर्गका मानिसहरूका निम्ति नोकरी–चाकरी र उच्च शिक्षामा १० प्रतिशत आरक्षण दिने निर्णय लियो। अहिले आएर फेरि राज्य सरकारहरूलाई आ–आफ्नो पछौटे वर्गका सूची आफै तयार गर्ने क्षमता दिएर केन्द्रले विधेयक पास गऱ्यो। यस्तै किसिमको नीति एसडीएफ सरकारले धेरै अघि नै राज्यस्तरमा लिएको थियो। तपाईं के भन्नुहुन्छ?**



अध्यक्ष श्री पवन चामलिङ। फाइल फोटो

**उत्तर :** हामीले त्यसबेला लिएको निर्णयप्रति आज मलाई गर्वबोध भइरहेको छ, र आज हाम्रो निर्णयको युक्तिसंगतता प्रमाणित पनि भएको छ। हामीले १८ वर्षअघि केन्द्रीय सूचीबाट छुटेका बाहुन, क्षेत्री, नेवार समुदायलाई राज्यस्तरमा पछौटे वर्गको मान्यता दिएका थियौं। गत ९ अगस्त, २०२१–को दिन केन्द्र सरकारले राज्य तथा युनियन टेरिटोरीहरूलाई आफ्नो–आफ्नो पछौटे वर्गको अलग सूची आफै तयार पार्ने क्षमता दिएर विधेयक पास गऱ्यो। यो त्यस्तै निर्णय हो, जो १८ वर्षअघि नै हामीले सिक्किममा लिइसकेका थियौं। सिक्किमका बाहुन, क्षेत्री, नेवार समुदायलाई राज्यस्तरमा ओबीसी मान्यता दिने हाम्रो पार्टीको निर्णयलाई २२ सितम्बर, २००३ –देखि हामीले लागू गऱ्यौं। त्यसै दिन गान्तोकको टीएनए मैदानमा यी तीन समुदायलाई हामीले ओबीसीको प्रमाण–पत्र पनि वितरण गऱ्यौं।

हाम्रा आलोचकहरू भन्नसक्छन्, त्यो नीति केवल राज्यमा मात्र लागू गरियो। ज्यू, सही हो, त्यो नीति राज्यस्तरमा नै लागू गरिएको हो। किनभने ओबीसी मान्यता दिने क्षमता राज्य सरकारसँग थिएन, त्यो केन्द्रीय विषय भएकोले हामीले त्यसो गऱ्यौं। राज्य सरकारको सीमित क्षमता र क्षेत्रभित्रबाट पनि तर हामीले साहसिक निर्णय गऱ्यौं, र सो कदम उठायौं। तर पनि मुख्य कुरो भनेको चाहिं राज्य सरकारका सबै नोकरी र उच्च शिक्षाका क्षेत्रमा केन्द्रीय ओबीसी बराबरी २० प्रतिशत सीट आरक्षण राज्य ओबीसी (बाहुन, क्षेत्री, नेवार) –लाई पनि दिइयो। यो हाम्रो विशेष सामाजिक अभियान्तिकी थियो, जो देशका अन्य कुनै राज्य पनि आजसम्म सुनिएको थिएन, सुनिएको छैन।

हामीले सो निर्णय किन गऱ्यौं त?

यो निर्णय सबैलाई समान अवसर दिने र सर्व समावेशितालाई व्यवहारिक सच्चाइ बनाउने हाम्रो पार्टीको सिद्धान्तको आधारमा लिइएको निर्णय थियो। हाम्रो यो निर्णयका पछाडि यी तलका कारणहरू थिए –

१. कुनै व्यक्तिलाई उसको जात, समुदाय र

*रहल पृष्ठ २–मा*



श्री पवन चामलिङ
सम्माननीय अध्यक्ष

शुभ जन्म दिवसको पावन अवसरमा
हार्दिक मङ्गलमय शुभकामना
अर्पण गर्दछौं।



SDF

सिक्किम परिवर्तन, प्रचार प्रसार मामिला, एसडीएफ

# जोरथाङका एसकेएम पार्टीका युवा कार्यकर्ता एसडीएफमा सामेल

**गान्तोक (प्रेस विज्ञप्ति)।** २७ अगस्त २०२१-को दिन गान्तोकको बाइपास स्थित एसडीएफ पार्टीको मुख्य कार्यालयमा एसडीएफ अध्यक्षको उपस्थितिमा जुम-सालघारी निर्वाचन क्षेत्रअन्तर्गत जोरथाङ बजारका एसकेएम पार्टीका धेरै युवा कार्यकर्ता औपचारिक रूपमा एसडीएफ पार्टीमा सामेल भए।

एसडीएफ पार्टीका अध्यक्ष श्री पवन चामलिङले एसकेएम पार्टीका कार्यकर्ताहरूलाई एसडीएफ परिवारमा स्वागत जनाउँदै जात-जाति र धर्म जस्ता संकृर्ण विचारबाट उठेर सिक्किम र सिक्किमेली जनताको हित र हकका निम्ति काम गर्नुपर्छ भन्दै एसडीएफ पार्टीको नीति र सिद्धान्तलाई सिरोपर राखेर काम गर्ने आह्वान गरे।

२५ वर्षको एसडीएफ कार्यकालमा सिक्किमले धेरै तरक्की गरेको उदाहरण दिँदै सिक्किमे भोटिया-लेप्चा, नेपाली अनि पुराना बेपारीहरूको साझा सम्पतिमा सिक्किम हिजो रूपान्तरण भएको थियो। वर्तमान अवस्थामा सिक्किम दिनप्रतिदिन खराब र असुरक्षित बन्दै गएको छ। न्याय प्रणाली, सरकारीतन्त्र सबै एकपाखे र राजनीतिकरण बन्दै गएका छन्। युवा-चेली र आम जनगण अभिभावक विहिन भएर अनिश्चित भविष्यको चिन्ताले ग्रस्त भएका छन्। सिक्किम र सिक्किमेली जनताको संवैधानिक अधिकार र अस्मिता आज खतारमा परेको छ। सरकार जनतालाई ढाँट्न, छल्न र गुमराह गराउननै तल्लिन भएकाले कुनै नयाँ जनमुखी कार्यक्रम ल्याउन विफल भएको कुरा श्री चामलिङले बताए।

एसकेएम पार्टीलाई त्याग गरी एसडीएफ पार्टीमा सामेल हुने कार्यकर्ताहरूले वर्तमान सरकारको गुनासो गर्दै एसकेएम पार्टीले चुनाउ अगाडि गरेका बाचा कुनै पनि पूरा नगरेर जनतालाई धोका दिएको बताए। एसकेएम पार्टीमा भविष्य सुरक्षित छैन भन्दै यो पार्टीले हामी युवा कार्यकर्ताहरूलाई झुठो आश्वासन र भाषण मात्र दिएर दिग्भ्रमित पाऱ्यो भन्दै अब हामी एसडीएफ पार्टीको सिद्धान्तलाई शिरोपर राखेर अनुशासनमा बसेर २०२४-मा एसडीएफ पार्टीको सरकार बनाउन कटिबद्ध भएर काम गर्ने युवाहरूले बचन दिए।

# 'एसडीफ पार्टी खटि खाने जनताको साझा सङ्गठन हो'

**गान्तोक (प्रेस विज्ञप्ति)।** राज्य सरकारका मन्त्री सञ्जीत खरेलको बयानको भर्त्सना गर्दै एसडीएफ पार्टीले भनेको छ, एसडीफ पार्टी भनेको ती तमाम खटि खाने जनताको साझा सङ्गठन हो। जबसम्म समाजमा यस्ता प्रतिक्रियावादी शक्ति रहन्छन् तबसम्म ठेला उठेका हातमा एसडीफको झण्डा तथा हरेक जनताको मन र मस्तिस्कमा नेता पवन चामलिङको जनवादी दर्शन अनि एसडीएफ पार्टीको सैद्धान्तिक विचारधारा क्रान्ति बनेर रहिरहने छ।

मन्त्री खरेलले गत ९ सितम्बरको दिन मल्लीमा एसकेएम पार्टीको सभालाई सम्बोधन गर्दै एसडीएफ पार्टी अब राजनीतिमा उपयोगी छैन भन्ने बयान दिएका थिए।

एसडीएफ पार्टीका उपाध्यक्ष, प्रचार-प्रसार मामिला श्री कृष्ण खरेलले एक प्रेस विज्ञप्ति जारी गर्दै भनेका छन्, राज्य सरकारका मन्त्री सञ्जीत खरेल प्रजातान्त्रिक पद्धतिको मूल्य र मान्यता नमान्ने अनि नबुझ्ने दम्भ चरित्रका व्यक्ति हुन् भन्ने कुरा समय समयमा दिएका उनकै बयानहरूले प्रमाणित गरिरहेको छ। मन्त्रीको गद्दीमा चढेको धेरै समय नबित्दै सिक्किमे जनताले २५ वर्षसम्म राज्यको बागडोर सुम्पिएका देशकै प्रतिष्ठित नेता श्री पवन चामलिङलाई दुई महिनामै शेष गरिदिने मन्त्री खरेलको बयान कसैले भुलेका छैनन्। उनका त्यो बयान नितान्त असंसदीय, असंवैधानिक र अप्रजातान्त्रिक बयान थियो।

उनका यस बयानबाट उनी के बोल्दै छन् र के गर्दै छन् भन्ने विषयमा सजग नरहेको छर्लङ्ग बुझिन्छ।

# कोविड नियम पालन गर्दै स्कूलहरू खेल्ने सुझाउ

**गान्तोक (प्रेस विज्ञप्ति)।** राज्यको विपक्षी दल एसडीएफले राज्य सरकारसित कोविड नियम पालन गर्दै स्कूलहरू खोल्न सुझाउ दिएको छ। एसडीएफ पार्टीका उपाध्यक्ष, प्रचार-प्रसार मामिला श्री कृष्ण खरेलले एक प्रेस विज्ञप्ति जारी गर्दै यस्तो सुझाउ दिएका हुन्।

विज्ञप्तिमा भनिएको छ, वर्तमान राज्य सरकारको एकतन्त्री कार्यप्रणाली र स्वार्थी राजनीतिक दाउपेचको कारण अहिले विशेष रूपमा राज्यका विद्यार्थीहरू धेरै प्रताडित बनेका छन्। स्कूल, कलेजहरू समयमा सुचारु रूपले सञ्चालन नभएकोले विद्यार्थीहरूले समयोचित शिक्षार्जन गर्न पाउन सकिरहेका छैनन्। यो अत्यन्त चिन्ताको विषय हो।

एसकेएम सरकारले आफ्नो स्वार्थी राजनीतिक दाउपेचमा राज्यका विद्यार्थीहरूको भविष्यमाथि खेलबाड गरेको छ। यसको हामी घोर निन्दा गर्दछौं। न्याय खोज्न आन्दोलनमा उत्रिएका आन्दलनरत नयाँ अस्थायी शिक्षकहरूको आन्दोलन दबाउनलाई राज्य सरकारले धोकाधडी गरी विश्वविद्यालय, कलेज र सम्पूर्ण शैक्षिक संस्थानहरू ३१ अक्टोबरसम्म बन्द गरिने नोटिफिकेसन गत ११ सितम्बरको दिन जारी गऱ्यो। अस्थायी शिक्षकहरूको आन्दोलनलाई शिक्षक-शिक्षकहरूमा विभाजन नीति र राजनीतिक दाउपेचको प्रयोग गरेर पूर्ण रूपले बन्द गराउनु सरकार सफल बन्यो। अस्थायी शिक्षकहरूको आन्दलन कुनै न्यायसंगत परिणाम प्राप्त नगरी पूर्ण रूपले स्थगित भएको दुई दिन नबित्दै राज्य सरकार अधिनस्त शिक्षा विभागले १३ सितम्बरको दिन कलेज र उच्च शैक्षिक संस्थानहरू खोलिने अर्को नोटिफिकेसन फेरि जारी गऱ्यो। दुई दिन अघि कोरोनाको बहाना देखाएर बन्द गरिएको कलेज र शैक्षिक संस्थानहरू अस्थायी शिक्षकहरूको हड्ताल स्थगित भए लगत्तै पुनः खोलिने सरकारको निर्णय कतिको विद्यार्थीमुखी छ त? शैक्षिक संस्थानहरू बन्द गरिने र खोलिने राज्य सरकारको अस्थिर निर्णयमा शिक्षकहरूको आन्दोलन दबाउने उद्देश्य लिप्त रहेको कुरा छलङ्ग भएको छ।

यसरी एकातिर विद्यार्थीहरूको भविष्यसँग सरकारले खेलवाड गरेको छ भने अर्कोतिर शिक्षकहरूलाई बिल्लीबाठ बनाएको छ। सरकारको यस्तो मनमानीपूर्ण क्रियाकलाप तथा व्यवहार अप्रजातान्त्रिक र जनताविरोधी रहेको एसडीएफ पार्टी ठहर गर्दछ। यदि कोभिड महामारीले नै विद्यालय बन्द गर्नु पर्ने अवस्था आएको हो भने जुन एरियामा कोभिड संक्रमण भएको छ त्यहाँ कन्टेनमेन्ट जोन घोषणा गरेर अन्य विद्यालय सुचारु रूपले चलाउन सकिन्थ्यो। तर एसकेएम सरकारलाई न त विद्यार्थी न त शिक्षक कसैको पर्वाह नभएपछि यस्तो तुगलकी फरमान गरेर व्यवस्थालाई चौपट बनाएको छ।

हामी जिम्मेवारीको साथ सरकारलाई यो सुझाव दिंदछौं कि, सिक्किमे विद्यार्थी नानीहरूको भविष्यलाई ख्यालमा राखेर सबै शिक्षण संस्था तुरून्त खोलेर कोभिड प्रोटोकललाई पालन गराउँदै पढाई चालु गर्नुपर्छ। बोर्ड परीक्षामा कोर्स पूरा हुन नसकेको कारण हाम्रा सिक्किमे विद्यार्थी नानीहरूले समस्या झेल्नु नपरोस् भन्ने सरकारको उद्देश्य हुनुपर्छ भन्ने हाम्रो ठम्याई छ।

# सन्दर्भ संविधान १२७ औं संसोधन विधेयक २०२१...

*पृष्ठ १- बाट क्रमशः*

धर्मको आधारमा नागरिक अधिकार र समान अवसरबाट वञ्चित गरिनु हुँदैन।

२. सबै सिक्किमे जाति र समुदायहरू समान हुन्, र उनीहरू सबैलाई समान आरक्षण दिइनुपर्छ।

३. सिक्किमका सबै नेपालीहरू एक समान सामाजिक-आर्थिक अवस्था भएकाहरू छन् र उनीहरू सबै समान अवसरका योग्य छन्।

कतिपय विपक्षी नेताहरूले त्यसबेला हाम्रो निर्णयलाई आलोचना गरे, विरोध गरे र राज्यस्तरमा मान्यता दिलाइएका समुदायहरूलाई केन्द्रीय सूचीमा मान्यता दिलाउने चुनौतीसमेत दिए। यो बालसुलभ आलोचना थियो। ओबीसी-को मान्यता दिने अधिकार केन्द्र सरकारसँग थियो। हामीले त्यो काम गऱ्यौं, जो हामी सक्थ्यौं, र अझ मुख्य कुरो त हामीले त्यो काम गऱ्यौं, जो कुनै पनि अर्को भारतीय राज्य सरकारले गरेन। गर्नसकेन।

यो निर्णयको पृष्ठभूमिलाई पनि म आज स्मरण गराउनचाहन्छु। केन्द्रीय सूचीमा मान्यता पाएका ओबीसीलाई २७ प्रतिशत आरक्षण दिने मण्डल कमीसनको रिपोर्टको सिफारीशलाई सिक्किमको पूर्व सरकारले सोझै अस्वीकार गरेको थियो। त्यस बेला नेपाली जातिबाट ओबीसीको मान्यता पाउने भुजेल, गुरुङ, लिम्बु(चोङ, सुब्बा, याक्थुम्बासहित), राई, मंगर, सुनुवार(कोइन्च र मुखियासहित) अनि तामाङ समुदायहरू थिए। हाम्रो सरकार बन्नासाथ हामीले त्यो सिफारीशलाई लागू गऱ्यौं। तर नेपाली जातिबाट कतिपय समुदायहरू अघिबाटै छुट्न गएका कारण हामी पूर्ण सन्तुष्ट बन्नसकेनौं, र उनीहरूका अधिकारका लागि लड्नथाल्यौं। १९९५-देखि २००३ -सम्म हामीले लगातार छुटेका समुदायहरूलाई पनि केन्द्रीय ओबीसी सूचीमा सामेल गर्ने बिन्ती-पत्रहरू केन्द्र सरकारसमक्ष चढायौं। म स्वयम् मुख्यमन्त्रीका रूपमा अनेकौंपटक प्रधानमन्त्रीहरूसँग, गृहमन्त्रीहरूसँग, कानून मन्त्रीहरूसँग, ट्राइबल मामिला विषयक मन्त्रीहरूसँग भेट गरें, र स्मारक-पत्रहरू चढाएँ। तर केन्द्र सरकारले हाम्रो अनुनयलाई बारम्बार ठुकराइरह्यो। सिक्किमका पूर्व सरकारले नै बाहुन, क्षेत्री, नेवार समुदायलाई ओबीसी सूचीमा सामेल गर्ने सिफारीश गर्न नमानेको र नगरेको तर्क केन्द्र सरकारको थियो। यसरी केन्द्रले बारम्बार हाम्रो मागलाई अस्वीकार गरेपछि हामीले केन्द्रीय सूचीबाट छुटेका यी तीन समुदायहरूलाई आफ्नै तह र तर्फबाट न्याय दिने निर्णय गऱ्यौं।

यी छुटेका समुदायहरूबाटै सिक्किम कमीसन फर् ब्याकवर्ड क्लासेसको चेयरम्यान मनोनीत गर्ने अर्को महत्वपूर्ण निर्णय पनि हामीले गऱ्यौं। यो कमीसनले नेसनल कमीसन फर् ब्याकवर्ड क्लासेसको अधीनमा कार्य गर्छ, र राज्यमा ओबीसी आरक्षणको कार्यान्वयनसम्बन्धी मुद्दाहरू हेर्दछ। पहिले पी.एम. सुब्बा यस कमीसनका चेयरम्यान थिए, त्यसपछिका सबै चेयरपर्सन्स ओबीसीबाट छुटेका समुदायबाट मनोनीत गरियो। यस कमीसनबाट राष्ट्रीय कमीसनसँग सोझै सम्पर्क गरी आवश्यक अध्ययन, अन्वेषण, सेमिनार, गोष्ठी, पत्राचार र समन्वयन आदिद्वारा अन्ततः यी समुदायहरूलाई ओबीसीमा सामेल गराउने दिशामा सार्थक पहल अघि बढाउनसकोस् भन्ने सोच लिएर हामीले यो निर्णय गरेका थियौं।

हामीले आफ्नो समावेशी नीति अनुसार विभिन्न थरीका आरक्षणहरूको व्यवस्था गऱ्यौं। लेप्चा समुदायलाई आदिम जनजातिको रूपमा अतिरिक्त ५ प्रतिशत आरक्षण दियौं। अनुसूचित जातिभित्रका संवेदनशील तब्कालाई अल्पसंख्यको रूपमा अलग्गै २ प्रतिशत रिर्जवेसन दियौं। खेलाडी, पूर्व सैनिक, दिव्याङ्गीहरूलाई क्रमैले ३ प्रतिशत, २ प्रतिशत, र २ प्रतिशत आरक्षण दियौं। महिलाहरूलाई पञ्चायतीराज प्रणालीमा ५० प्रतिशत अनि उच्च शिक्षा र सरकारी नोकरीमा ३० प्रतिशत आरक्षण दियौं।

यसका साथै, समाजका कमजोर वर्गलाई १२ प्रतिशत आरक्षण दिने हाम्रो निर्णयलाई पनि म स्मरण गर्नचाहन्छु। हामीले आफ्नो अनुभवले के देख्यौं भने बीएल, सेड्यूल्ड कास्ट, सेड्यूल्ड ड्राइब, ओबीसी-जस्ता आरक्षण व्यवस्थाबाट फायदा लिन नसक्ने किनारीकृत व्यक्ति र परिवारहरू अझै पनि हाम्रो समाजमा रहेका छन्। उनीहरूको सम्भरण, विकास र सुरक्षा हुनुपर्छ भनेर हामीले १२ प्रतिशत आरक्षण दिने निर्णय गऱ्यौं।

यो ठूलो सन्तुष्टिको कुरो हो कि झण्डै दुई दशकअघि एसडीएफ-ले लिएको निर्णयलाई आज आएर केन्द्र सरकारले पनि सही र मान्य ठहऱ्याएको छ। हाम्रो निर्णय सही रहेको र हामी पुरस्कृत भएको गर्वबोध आज भइरहेको छ। हाम्रो लक्ष्य र सपना सही दिशा र सही निशानामा रहेको आज आएर प्रमाणित भएको छ। म यस अवसरमा केन्द्र सरकार र केन्द्र सरकारको यस ऐतिहासिक निर्णयबाट लाभान्वित हुन गइरहेका देशभरिका नागरिकहरूलाई हार्दिक बधाई दिनचाहन्छु। ढीलै भए पनि राम्रो भयो।

सिक्किम र सिक्किमेली जनताको हक-हितको सुरक्षा हाम्रो एकमात्र लक्ष्य हो।

-पवन चामलिङ

सिक्किम परिवर्तन
सिक्किम डेमोक्रेटिक फ्रण्ट-को मुखपत्र
वर्ष २९, अङ्क ३, सितम्बर, २०२१, September, 2021

## २२ सितम्बरको आफ्नै महत्त्व

शोषणको जगमा उभिएको १९९३ अघिको सिक्किमेली समाजलाई न्याय, समानता, स्वतन्त्रता र गरिबीबाट मुक्त राख्न पवन चामलिङले क्रान्तिको उद्घोष दिन हो २२ सितम्बर। सिक्किमबाट आर्थिक, सामाजिक, सांस्कृतिक र परम्परागत र सबैखाले विभेदहरूलाई समाप्त गरेर सामाजिक न्याय र समानताको सिक्किममा रूपान्तरण गर्ने कामको यस दिनलाई विशेष विचारधारात्मक पर्वको रूपमा त्यसै दिनदेखि एसडीएफ पार्टीले मनाउँदै आएको हो।

त्यसताकको अधिनायकवादी सरकारले नेता पवन चामलिङलाई 'टाडा' जस्तो कानुन लगाएर जेलमा सडाउन गरेको षड्यन्त्रको पर्दाफास गर्दै दुई महिनाको भूमिगत पछि सिक्किममा क्रान्तिको उद्घोष गरेको दिन भनेर यस दिनलाई सम्झनुपर्छ।

त्यसै दिनदेखि सिक्किमका श्रमजीवि जनताले आफ्नो उन्मुक्तिको सपना देखोका थिए। अन्याय, अत्याचार र गरिबीले सताइएका जनताले सुख शान्ति र सुनौलो भविष्य प्राप्तिको मार्गमा एकजुटता देखाएको दिन हो, यो ।

जबसम्म सिक्किम र मानव समाजमा मान्छेले मान्छेमाथि गरिने शोषण रहन्छ, तबसम्म ती भुक्तभोगी जनताको उन्मुक्तिको गीत बनेर वैचारिक, सैद्धान्तिक र दार्शनिक विचारधारको मार्गदर्शी सिद्धान्त बनेर गरिबी उन्मूलनका लागि यो विचारधारा अमर रहनेछ।

पुँजीवादी, सामान्तवादी र प्रतिक्रियावादी विचारधाराको पद्धतिले मानिसहरूको मानसिक गरीबीलाई अझ प्रगाढ बनाएको हुन्छ। त्यस मानसिक गरीबीबाट मुक्त राख्न निरन्तर गरिने क्रान्तिको प्रक्रिया नै यस दिनको महत्त्व हो।


हिजोको सिक्किममा भएको गरिबी प्रतिशत र २५ वर्ष एसडीएफ सरकारले ल्याएका तिव्रतर गरिबी उन्मूलन नै यस क्रान्तिका उपलब्धि हुन्। सिक्किमे जनताको प्रति व्यक्ति आयको बढोत्तरी, जन्म दर र मृत्यु दरको सकारात्मक विकास, खुशीको अनुपातिक आँकडा र झोपडीमुक्त सिक्किमको सैद्धान्तिक आधार यही दिनको जगमा उभिएर लिइएका क्रान्तिकारी निर्णयहरू हुन्। यो दिन फगत पर्व मनाउनकै गरिने परम्परा नभएर एउटा सिद्धान्त प्रतिको समर्पण गरिने दिन हो। यसै दिन पार्टी अध्यक्षको जन्म दिन पनि परेको हुनाले यो विशेष दिनको रूपमा वैचारिक क्रान्ति उत्सवको रूपमा पालन गरिन्छ।

यस पुनित अवसरमा सिक्किम परिवर्तन सम्पूर्ण एसडीएफप्रेमीको तर्फबाट पार्टी अध्यक्ष श्री पवन चामलिङलाई जन्म दिनको हार्दिक मङ्गलमय शुभकामना अर्पण गर्दछ।

निवेदनः सिक्किम परिवर्तनमा लेख-रचना प्रकाशनार्थ यहाँहरूले हाम्रो इमेल ठेगानाः sikkimparivartansdf21@gmail.com अथवा फोन नम्बर 9593984746, 9832793623 मा वाट्एप गरेर पठाउन सक्नुहुनेछ। पत्राचारका लागि हाम्रो ठेगाना हो- सम्पादक, सिक्किम परिवर्तन, प्रचार प्रसार मामिला विभाग, एसडीएफ भवन, इन्दिरा बाईपास, गान्तोक, सिक्किम,७३७१०१ ।

# आजको राजनीतिमा प्रतिक्रियावादी र मौकावादी चरित्र अनि एसडीएफको क्रान्ति

**सिक्किमलाई आमूलचुल परिवर्तन गर्ने र गरीबहरूलाई न्याय गर्ने बाटामा यिनै स्वार्थी दलबदलु, पार्टी फेरुवा र महत्वाकांक्षीहरू तगारो बनेर खडा भएको कुरा आज प्रमाणित हुँदैछ। पार्टी सरकारमा रहुञ्जेल जयजयकार गरेर नथाक्ने भद्र मानवहरू पार्टी सत्ताबाट हटेपछि कुनै कारण बिना पार्टीबाट अलग्गिने अनि सम्पूर्ण दोष पार्टी र नेतृत्वलाई लगाएर आफू पानीमाथिको ओभानु बन्ने प्रवृत्ति आजको टड्कारो प्रतिक्रियावादको चरित्र हो।**



कृष्ण खरेल

दलबदल गर्नु, पार्टी फेर्नु र गुटबाजी गर्नु प्रजातान्त्रिक व्यावस्थामा साधारण क्रिया हुन् तथापि समाजमा यसको नकारात्मक प्रभाव पर्न सक्ने आशङ्कालाई नकार्न सकिन्न। कुनै पनि राजनीतिक पार्टी गठन किन गरिन्छ? राजनीति केका लागि गरिन्छ? जस्ता प्रश्न जनसाधारणको मनमा उठ्नु स्वाभाविक नै हो। विशेष गरी राजनीतिका विषयमा सामान्य ज्ञान नभएका मानिसहरूले जब राजनीतिलाई स्वार्थपूर्तिको साधन ठानेर हात हाल्दछन् तब यस्तो परिस्थिति सिर्जना हुँदछ।

कुनै पनि सङ्गठन अथवा राजनीतिक दलको स्थापना एउटा निर्दिष्ट उद्देश्य राखेर गरिएको हुन्छ। दर्शन, सिद्धान्त, नीति, कार्यक्रम र योजनाहरूद्वारा अनुशासित बनेर सर्वसाधारणको कल्याण, हीत र सुरक्षाका लागि स्थापित गरिएको सङ्गठन नै राजनीतिक सङ्गठन हो। सामाजिक परिवेश, राजनैतिक अवस्था, यसको संरचना, आर्थिक परिवेश, व्यावस्थागत संरचना आदि समाजवादी क्रान्तिका निर्णायक घटकहरू हुन्। हामी कुन राजनैतिक व्यावस्था भित्रबाट कस्तो समाजको निर्माण गर्दैछौं भन्ने कुरा त्यस सङ्गठनको दर्शन , सिद्धान्त र कार्यक्रमहरूमा दर्शिएको हुन्छ। त्यही नीति, सिद्धान्त र दर्शनबाट प्रभावित भएर एकैखाले विचार भएका मान्छेहरू गोलबद्ध बनेपछि राजनीतिक सङ्गठनको गठन हुन्छ। दार्शनिक र सैद्धान्तिक आधारमा रणनीति अनि कार्यनीति तयार गर्ने नेतृत्व पक्षको जिम्मेवारी बन्दछ। त्यही रणनीति अनि कार्यनीति पार्टीका नेता, कार्यकर्ता र साधारण जनगणको मार्गदर्शक सिद्धान्त बन्दछ।

दार्शनिक र सैद्धान्तिक उचाइअनुसार सत्ताबाट सही परिणाम प्राप्त गर्न नसक्नुका पनि थुप्रै कारण र कारक तत्त्व रहेका हुन्छन्। सामाजिक न्यायको समावेशी सिद्धान्तले गर्दा सरकार सञ्चालनको निम्ति कतिपय परिस्थितिमा पार्टीको नीति, सिद्धान्त र दर्शन नबुझेका भए तापनि प्रभावितसम्म भएका मान्छेलाई सत्तामा ल्याउन पार्टी र नेतृत्व बाध्य हुन्छ। यहि बाध्यताको कारणले गर्दा पार्टीको क्रान्तिकारी धार भुत्ते हुँदै जान्छ। पछि गएर यस्ता तत्त्वहरूमा अरू महत्त्वकाङ्क्षा **बढ्दै गएर पार्टीको** रहल पृष्ठ ४-मा

# फर्मूलाबिनाको मेमोरेण्डम, सिक्किमे जनतालाई 'आईवाश'

एसकेएम सरकार सिक्किमका छुटेका १२ जातिलाई जनजातिको मान्यता दिलाउन साथै लिम्बू-तामाङको सीटको आरक्षण गर्न असफल भयो। एसकेएम पार्टीले २०१९ -को चुनाउको बेलामा भन्ने गर्थ्यो, एसडीएफ पार्टीको सरकारले राज्यका १२ जातिलाई जनजातिको मान्यता दिलाउन सकेन, राज्यका लिम्बू-तामाङलाई सीटको आरक्षण दिलाउनसकेन तर हामीले सरकार गठन गरेको १०० दिनभित्रमा राज्यका छुटेका १२ जातिलाई जनजातिको मान्यता दिलाउनेछौं साथै विधानसभामा लिम्बू-तामाङको सीट आरक्षण गर्नेछौं। यसो भन्दै ढोल पिट्ने पार्टी आज नाङ्गोझार भएको छ। एसकेएम पार्टीको झुटो राजनीतिको पोल खोलिएको छ। एसकेएम पार्टीले सरकार गठन गरेको अढाई वर्षसम्म पनि न एलटी सीटको फर्मूला तयार पार्नसकेको छ, न छुटेका १२ जातिलाई जनजातिको मान्यता दिलानुपर्छ भनेर केन्द्रलाई मेमोरेण्डम पेश गर्नसकेको छ।

एसकेएम पार्टीले गरेको घोषणालाई राज्यका सबै मानिसले सुनेका थिए तर आज त्यो वाचा-बन्धन खोइ त... सरकार ? किन एसकेएम सरकारले केन्द्रमा गएर नाटक देखाएको? यदि सिक्किमेली जनताप्रति इमानदार छौ भने सिक्किम विधानसभाभित्र यी मुद्दाहरूमा बहस गरेर दस्तावेज तयार पारेर केन्द्रमा बुझाऊ। बिना दस्तावेज यसरी दिल्ली धाएर जनताको



**विष्णु दुलाल**
**ताक्छाङ, पूर्व सिक्किम**

आँखामा धुलो हाल्ने काम नगर।

आज सत्य कुरा जनताले जान्न जरूरी छ, एसकेएम पार्टीको सरकार राज्यका १२ जाति साथै लिम्बू-तामाङ समुदायप्रति इमान्दार नभएको कारणले गर्दा न लिम्बू-तामाङहरूको विधानसभामा सीटको आरक्षण भएको छ न छुटेका १२ जातिले जनजातिको मान्यता पाएका छन्। राज्यका छुटेका १२ जाति बाहुन, छेत्री, नेवार, जोगी, संन्यासी, याक्खा देवान, राई, मगर, भुजेल, गुरूङ, सुनुवारलाई जनजातिको दर्जा दिइनुपर्छ भनेर एसडीएफकै माग हो। यी मागहरूमा एसडीएफले सम्पूर्ण रूपमा गृहकार्य गरेर स्पष्ट कार्यदिशा जनतामा सार्वजनिक गरी जनताको सहमतिको आधारमा केन्द्रमा पठाएको हो । तर अहिले सबैलाई विदित नै छ कि हालैमा धेरैवटा राज्यका छुटेका समुदायहरूले ट्राइबलको मान्यता पाए तर एसकेएम सरकारले केन्द्र सरकारसमक्ष दस्तावेज (Memorandum) नबुझाएको कारणले गर्दा सिक्किमका हामी छुटेका १२ जातिले जनजातिको मान्यता पाउनबाट बञ्चित भएका छौं। यदि एसकेएम सरकार हामी १२ जातिप्रति इमान्दार भएको भए हामीले अस्ति नै जनजातिको मान्यता पाइसकेका हुनेथियौं। सिक्किमका हामी छुटेका १२ जातिलाई जनजातिको मान्यता दिलाउने विषयमा एसकेएम सरकार गम्भीर एवं इमान्दार नभएको कारणले गर्दा अहिलेसम्म हामी १२ जातिले जनजातिको मान्यता पाउनबाट वञ्चित भएका हौ।

त्यसरी नै एसकेएम सरकार राज्यका एलटी समुदायप्रति बेइमान भएकै कारणले गर्दा लिम्बू-तामाङ दाजु-भाइ तथा दिदी-बहिनीहरुको सीटको आरक्षण नभएको हो।

एलटी सीटको आरक्षण हुनबाट रोक्ने काम पनि एसकेएम पार्टीले गरेको छ। चुनाउअघि जनतासमक्ष वाचा गर्दै एसकेएम पार्टीको सरकार गठन भएको १० दिनमा अनि १०० दिनभित्रमा लिम्बू-तामाङलाई विधानसभाको सीटको आरक्षण दिलाउनेछौं भन्दै राज्यको चारैतिर हल्ला गर्ने पार्टी आज सरकार गठन गरेको अढाई वर्ष पुग्दा पनि एलटी सीटको फर्मूला तयार पार्नसकेको छैन। एसकेएम सरकारले अहिलेसम्म एलटी सीटको फर्मूला केन्द्र सरकारसमक्ष पेश गर्न नसकेको कारणले गर्दा एलटी सीटको रहल पृष्ठ ७-मा

# विभिन्न स्थानमा एसडीएफका सभाहरू

**गान्तोक।** राज्यको प्रमुख विपक्षी दल सिक्किम डेमोक्रेटिक पार्टीका बैठकहरू अहिले राज्यमा चारैतिर भइरहेका छन्। मूलतः पार्टीको यस साङ्गठनिक सभाहरूमा एसडीएफ पार्टीको नीति, सिद्धान्त, दर्शन र आगामी दिनका रणनीतिहरूमाथि छलफल भइरहेका छन्।

एसडीएफ पार्टी सत्ताबाट बाहिरिएपछि सिक्किमको वर्तमान अवस्था के कस्तो भइरहेको छ अनि यसलाई सपार्नका लागि एसडीएफ पार्टीको साङ्गठनलाई बलियो र सशक्त बनाउन अहिले पार्टीका पदाधिकारीहरू विभिन्न निर्वाचन क्षेत्रहरूमा समन्वय सभाहरू गर्न व्यस्त रहेका छन्।

वर्तमान परिवेशमा पनि एसडीएफ पार्टीका समर्थकहरूको बैठकहरूमा उत्साहजनक सहभागित रहँदै आएको छ।

पार्टीको सन्देश, नीति, सिद्धान्त र युवामुखी कार्यक्रमहरू राज्यका युवाहरूसमक्ष पुर्‍याउने जनसम्पर्क अभियानको उद्देश्य रहेको छ।

सभाहरूमा स्थानीय मानिसहरूले आ–आफ्ना विचार आदान प्रदान गर्दै पार्टीलाई सुझाउहरू पनि दिँदै आएका छन्।

एसडीएफ पार्टीले थालेको दिगो विकासका धेरै परियोजनाहरू एसकेएम सरकारकालमा ठप्प बनेको जानकारी गराउँदै सिक्किमको सुरक्षा र सर्वाङ्गीन विकासको निम्ति एसडीएफलाई सरकारमा पुऱ्याउन सबै एकजुट भएर काम गर्नुपर्ने आवश्यकता माथि सभाहरूमा बल दिँदैछ।

यी बैठकहरूमा पार्टीका क्षेत्रस्तरीय, खण्डस्तरीय एवम् वार्डस्तरीय समितिहरू पनि गठन गरिँदैछन्।

जनसम्पर्क अभियान र बैठकहरूमा कतिपय एसकेएम पार्टीका कार्यकर्ता र समर्थकहरू एसडीएफ पार्टीमा सामेल हुँदैआएका छन्।




















## आजको राजनीतिमा...

*पृष्ठ ३–को रहल*

नीति, सिद्धान्त, दर्शन र नेतृत्व माथिनै अतिक्रमण गर्ने अनि पार्टीलाई प्रतिक्रियावादको दलदलमा फँसाउने काम हुन्थाल्छ। यदि पार्टी र नेतृत्वले यस्ता शक्तिहरू विरुद्ध सशक्त वैचारिक क्रान्ति पार्टी सङ्गठनमा चलाएमा उनीहरू पलायनकारी बाटो समाएर दलबदल र विभाजनकारी बन्न पुग्दछन्।

व्यक्तिगत स्वार्थ, महत्त्वकाङ्क्षा, पदलोलुपता र सत्ताभोगी चरित्रको जगमा उभिएर बहुसङ्ख्यक खटिखाने वर्गको सामूहिक स्वार्थमा प्रतिक्रियावादी विचारले आक्रमण गरी पार्टीलाई कमजोर बनाउने कामनै त्यस्ता महत्वाकांक्षीहरूको राजनैतिक उद्देश्य हो।

एक जनवादी र क्रान्तिकारी पार्टीले शुरु गरेका कल्याणकारी योजना र विकासका बाटाहरूमा यी तत्त्वहरू बाधा बनेर खडा हुन्छन्। आफ्ना स्वार्थ र महत्वाकांक्षा अघि ल्याएर पार्टीले अघि सारेका गरीबवादी नीति र कार्यक्रमहरू जनतासम्म पुग्न नदिन अनेकौं कोसिस गर्दछन्। विगत २५ वर्षको राजनीतिक अनुभवबाट यहीँ कुरा सिद्ध भएको छ।

सिक्किमलाई आमूलचुल परिवर्तन गर्ने र गरीबहरूलाई न्याय गर्ने बाटामा यिनै स्वार्थी दलबदलु, पार्टी फेरुवा र महत्वाकांक्षीहरू तगारो बनेर खडा भएको कुरा आज प्रमाणित हुँदैछ। पार्टी सरकारमा रहुञ्जेल जयजयकार गरेर नथाक्ने भद्र मानवहरू पार्टी सत्ताबाट हटेपछि कुनै कारण बिना पार्टीबाट अलग्गिने अनि सम्पूर्ण दोष पार्टी र नेतृत्वलाई लगाएर आफू पानीमाथिको ओभानु बन्ने प्रवृत्ति आजको टड्कारो प्रतिक्रियावादको चरित्र हो।

यिनै चरित्रहरूलाई हेरेर स्पष्टसँग भन्न सकिन्छ, पार्टी बद्लिने र विभाजनको नाटक गर्ने यी दुवै समुह नै निकृष्ट प्रतिक्रियावादी चरित्र बोकेका समुह हुन्। पार्टी बद्लिनु अथवा विभाजन गर्न वैकल्पिक, सैद्धान्तिक, वैचारिक र दार्शनिक आधार चाहिन्छ। कुनै त्यस्तो आधार नभई पार्टी बद्लिन चाहने र विभाजन गर्ने मनसाय राख्ने व्यक्ति अथवा जमात आफ्नै स्वार्थको घडेरी बसाउन तल्लिन उद्दत मौकावादीहरूको जमात हो। राजनैतिक नाटकमा उनीहरू सामाजिक कार्यमा लागेको जस्तो देखिए पनि वास्तवमा उनीहरू आफ्नै स्वार्थको दलदलमा भासिएका हुन्छन्। वैकल्पिक सिद्धान्तको नाममा उनीहरूले धेरै सुख–सुविदा हासिल गरेको पुरानो सङ्गठन र नेतृत्वलाई आधारहीन आरोप र लाञ्छना लगाउने अनि विरोध गर्ने प्रवृत्ति नै उनीहरूको सैद्धान्तिक आधार हुन्। सरकार चलाउँदा देखापरेका सानातिना भुलहरू र देशको पुँजिवादी व्यावस्थाले निम्त्याएको व्यावस्थागत संरचनाको परिवेशलाई अवैज्ञानिक व्याख्या गर्ने र त्यसको दोष जनवादी पार्टीमाथि खन्याउने, जनचेतनाको कमजोरीमा जातीय वीष घोल्ने, टपरटुइँया गफ हाकेर जनतालाई दिग्भ्रमित गराउने उनीहरूको सैद्धान्तिक र बौद्धिक कसरत हुन्। उनीहरूसँग सामाजिक न्याय, समावेशी सिद्धान्त, कल्याणकारी सिद्धान्त र वर्गीय समानताको पक्षमा कुनै नयाँ तथा उत्प्रेरक सिद्धान्त हुँदैन। केवल आधारहीन आलोचनामा मात्र उनीहरूको जीवन अडेको हुन्छ।

यस्ता घोर प्रतिक्रियावादी दलबदलु चरित्र भएका र विभाजनकारी मानसिकता बोकेका जन विरोधीसँग हाम्रो समाजवादी, मानवतावादी र जीवनवादी सिद्धान्त भएको एसडीएफ पार्टीले निरन्तर जनताको पक्षमा लडिरहने छ। हाम्रो पार्टी निर्दिष्ट दर्शन र सिद्धान्तमा हिड्ने पार्टी हो। पार्टीलाई आफ्नै वैचारिक विचार धारा र दर्शनद्वारा दलका नेता पवन चामलिङले अटल र अविचल भएर नेतृत्व दिइरहेका छन्। उनको नेतृत्वमा अहिलेसम्म सिक्किम र सिक्किमेली जनताले कुनै नोक्सानी बिहोर्नु परेको छैन। बरू आर्थिक रूपले विपन्न र देश कै मानचित्रलाई अदृश्य रहेको सिक्किम देशमा मात्र होइन दुनियाँमा नै प्रगतिशील, उन्नत र निरन्तर विकासको बाटोमा रूपान्तरित भइरहेको छ। यस्ता नेताबाट सिक्किम र सिक्किमेली जनतालाई कहिल्यै धोका हुने छैन।

# कृतघ्न पुस्ताले असमय 'बूढो' बनाइदिएका पवन चामलिङ



जी.एस. रिजाल

**सत्ता स्वार्थका लागि तथाकथित 'परिवर्तन'–को नारा लाउनेहरूलाई पनि अब जनताले देखिसके। परिवर्तन स्वाभाविक हो, तर गलत परिवर्तनले राज्य र जनतालाई बर्बाद पार्दछ। दुइ वर्षमै गलत नेतृत्वले सिक्किमलाई दशकौं पछि धकेलिदिएको छ।**



कुनै समाज, जाति, वा राष्ट्रले कसरी उन्नति गर्छ वा कसरी पतनको खाल्डोमा जाकिनपुग्छ भन्ने कुरा त्यो समाजले कसरी सोच्दछ र व्यवहार गर्दछ भन्ने कुरामा पूर्ण रूपले निर्भर गर्दछ। इतिहासमा यस्ता थुप्रै जातिहरू निश्चिन्ह बनेका छन्, राष्ट्रहरू विखण्डित बनेका छन् र सभ्यताहरू कालको गर्भमा बिलाएका छन्। ती समाज र राष्ट्रहरू युगानुकूल सोच, वैज्ञानिक चिन्तन र व्यावहारिक रूपले सही नीति अँगाल्न नसक्दा पतनको दिशातिर उन्मुख हुनपुगेका हुन्।

सन्दर्भको रूपमा सिक्किमको समकालीन इतिहासलाई नियाल्दा हामी देख्छौं कि कति अवैज्ञानिक, फ्याउलो र आत्मघाती सोचले ग्रस्त भएर सिक्किमका बहुसङ्ख्यक सीटका मतदाताहरूले गत विधानसभा चुनाउमा पवन चामलिङ नेतृत्वाधीन सिक्किम डेमोक्रेटिक फ्रण्ट (एसडीएफ) सरकारलाई सत्ताबाट हटाइदिए। राजनीतिमा सरकारमा जानु र सरकारबाट बाहिरिनु स्वाभाविक कुरा हुन्, तर जुन तर्क, सोच र मुद्दाले सिक्किममा यसचोटि यो 'परिवर्तन' ल्याइयो – त्यसले सिक्किममा हुर्किएको नकारात्मक, अवैज्ञानिक र आत्मघाती चिन्तनको परिचय दिन्छ। प्रजातन्त्रमा बहुमतको निर्णयलाई स्वीकार्नुपर्छ, यो सत्य हो; तर बहुमत पनि सधैं सही हुँदैन, त्यो पनि सत्य हो। बहुमतले समाज र देशलाई डुबाएको इतिहास छ। एडोल्फ हिटलर र बेनिटो मुसोलिनी बहुमतले नै निर्वाचित भएका थिए। तर हिटलर र मुसोलिनीको गलत नीति र कार्यको कारण जर्मनी र इटलीले दोस्रो विश्वयुद्धमा नराम्रो पराजय भोग्नुसँगै यी दुइ राष्ट्रहरू बर्बाद भए।

सन् २०१९ –को चुनाउमा सबैभन्दा धेरै सुनिएको शब्द थियो – परिवर्तन। परिवर्तन किन त? किनभने ''एसडीएफ लामो चल्यो'', ''पवन चामलिङ बूढो भए'', ''एउटै अनुहार कति हेर्नु?'' ''पवन चामलिङ राजैजस्तो भयो, यसपटक पनि जित्यो भने त राजा नै हुन्छ'', आदि। त्यतिबेलाको विपक्षी पार्टी सिक्किम क्रान्तिकारी मोर्चा (एसकेएम) –ले जनतामा राखेको तर्क यस्तो थियो। एसकेएम पार्टीकै एकजना कार्यकर्ताले त अत्यन्त सडकछाप भाषामा यसरी अभिव्यक्ति दिए – ''कुटेर हुन्छ कि, मारेर हुन्छ कि हामीलाई परिवर्तन चाइयो...!''

गत चुनाउमा एसडीएफ पार्टी र सरकारविरुद्ध कुनै मुद्दा थिएन, कुनै सत्ताविरोधी लहर पनि थिएन। पवन चामलिङ अनि एसडीएफको कारण सिक्किम बिग्रियो, सिक्किमे जनताले दुःख पाए, सिक्किमको विकास भएन भन्ने कुनै राजनैतिक मुद्दा थिएन। एसडीएफले ठीक काम गरेन, जनतालाई नोक्सान मात्र भयो भन्ने कुनै आवाज जनस्तरमा थिएन। केवल भावनात्मक मुद्दा उछालेर, नेतालाई बूढो भयो भनेर, जात–जातिको कुरा उठाएर जनतालाई भुल्याइयो। एसडीएफले लगातार २५ वर्ष सरकार चलाउनु, २५ वर्षमा भएका मोठ १८ वटा विभिन्न निकायका चुनाउहरूमा जित्नु मानौं अपराध भयो! जनतामा यस्तो न्यारेटिभ चलाइयो। लोकतान्त्रिक तरिकाले २५ वर्षमा १८ वटा चुनाउ पूर्ण जनमतले जित्दा पनि त्यसलाई अपराध वा तानाशाही ठहऱ्याइनु सिक्किममा मात्र सम्भव हुने कुरा भयो। सत्ताखोर विपक्षीका लागि सत्तामा पुग्नका लागि एउटा झूटो भाष्य गढ्नुथियो, गढ्यो। तर सिक्किमे जनताको ठूलो हिस्साले त्यसलाई स्वीकार्नु झन् दुर्भाग्यपूर्ण थियो। शिक्षक, कर्मचारी, अफिसर, युवा, ड्राइभर, व्यापारी, मध्यवर्ग, उच्चवर्गले आफैले २५ वर्षसम्म जिताउँदै आएको सरकारमा, त्यो सरकारले लोकतान्त्रिक तरीकाले काम गर्दा, घोषणा–पत्रका हरेक वचनहरू अक्षरशः पूरा गर्दा, जनताले सोचेको र मागेको भन्दा धेर काम गर्दा पनि दोषै मात्र देख्यो। २५ वर्षसम्म एकपछि अर्को उपलब्धि, विकास, शान्ति, सुरक्षा, अवसर लेराउँदा पनि आखिर चुनाउको बेला एसडीएफ नचाहिने नै भयो, सरकार फेर्नैपर्ने भयो, यो सरकारको अनुहारै हेर्न नहुने भयो! विपक्षी पार्टीहरू, जातिवादी, साम्प्रदायिक तत्त्वहरूले राज्यभरि नकारात्मकताको ठूलो उन्माद फैलाए। विधानसभामा बील पास गरेर, विभागमा पद सिर्जना गरेर २० हजार युवाहरूलाई एकसाथ नोकरी दिंदा पनि भएन, कर्मचारीहरूलाई शान्ति–सुरक्षापूर्वक काम गर्ने परिवेश र देशमा सर्वाधिक वेतनमान दिंदा पनि भएन, कर्मचारीवर्ग अनि अफिसरहरूलाई आयकरबाट माफी दिंदा पनि भएन, शिक्षकहरूलाई कर्मचारीभन्दा पनि धेर देशमै सबैभन्दा बढी वेतनमान र सम्मान दिंदा पनि भएन, युवाहरूका लागि राज्यभरि निजी क्षेत्रमा रोजगारका लाखौं अवसरहरू जुटाइदिंदा पनि भएन, चालकहरूका लागि पर्यटकहरूको रेकर्ड ओइरो लगाउँदा र राज्यभरि पर्यटनका अपार अवसरहरू सिर्जना गरिदिंदा पनि भएन; युवाहरूलाई निजी काम–धन्धा गरिखाने लाखौं अवसर सिर्जना गरिदिंदा, मुख्यमन्त्री स्वरोजगार योजना र स्टार्टअप योजना थालेर लाखौं रुपियाँसम्मको सजिलो ऋण हातमा थमाइदिंदा पनि भएन, स्टार्टअप कार्यक्रम त वर्तमान सरकारले आउनासाथ रोकिदियो; व्यापारीहरूलाई शान्ति, सुरक्षा, व्यापार अभिवृद्धिको प्रचुर अवसर र विश्वस्तरीय व्यापार कम्प्लेक्स र माल रोडहरू उपहारस्वरूप दिंदा पनि भएन।

जुन पार्टी र नेताको सही नीति र कामको कारण सिक्किमको चौतर्फी र तीव्रगतिमा आर्थिक विकास भयो; हिजोको गरीब, पछौटे, अन्याय र शोषणपूर्ण सिक्किमले २५ वर्षमा असाधारण रूपमा विकास देख्नपायो, उही पार्टी र नेता लामो, वाक्कलाग्दो भयो। एसडीएफ सरकार आउँदा सिक्किमको लगभग आधा जनसङ्ख्या गरीबी रेखामुनि (बीपीएल) थियो, २५ वर्षको सरकारमा राज्यको केवल ५ प्रतिशत जनसङ्ख्या मात्र गरीबी रेखामुनि रहनपुग्यो, र अरू सबै जनता खान–लाउन पुग्ने मध्यवर्गमा फेरिए, तर विपक्षीले सिक्किमे जनता गरीब भएको झूटो प्रचार गर्दा मानिसहरूले पनि ठाने – हो न हो, हामी त साँच्चै हामी गरीब पो रहेछौं! एसकेएम सरकार आएपछि सिक्किममा गरीबी फेरि बढेर गइरहेको छ। आज सरकारले सर्वेक्षण गराउनचाहँदैन, तर कोरोना महामारीलाई राम्रोसित सम्हाल्न नसक्दा र राहत–सहुलियतबिनाको, रिभाइभल प्लानबिनाको लकडाउनले गर्दा लाखौं मानिसहरूलाई साँच्चिकै गरीबीमा घचेटिदिएको छ।

सिक्किमलाई अझै पवन चामलिङको खाँचो छ। उनको अनुभव, उनको विचार र एजेन्डा, उनको परिश्रम र योगदान सिक्किम र सिक्किमे जनतालाई अझै चाहिएको छ। विगत ४८ वर्षको उथुलपुथुलपूर्ण सिक्किमको राजनीतिबाट पवन चामलिङ नामको जुन राजनीतिक शख्सियत निखारिएर आएको छ, त्यो सिक्किमे जनताको बहुमूल्य उपलब्धि हो। वृद्ध, अशक्त, असक्षम, पुरानो र समय सकिएको आदि भनेर हाम्रो समयका जीवन्त इतिहास, हाम्रो आगत भविष्यका प्रकाशस्तम्भ, सिक्किमे जनताका अहिलेसम्मका सबैभन्दा योग्यतम सेवकलाई ओझेल नपारौं। पवन चामलिङको सपनामै सिक्किमे युवाहरूको पनि सुरक्षित भविष्य बाँचेको छ। पवन चामलिङझैं एक राष्ट्रिय–अन्तर्राष्ट्रिय राजनेतालाई अघि लाएर यो जातिले, यो राज्यले अझ असङ्ख्य उपलब्धिहरू बटुल्नसक्छ। उनको ज्ञान, अनुभव, ऊर्जा र सदाशयताको एक एक अंशलाई सिक्किमले उपयोग गर्न सक्नुपर्नेछ। पवन चामलिङजस्ता नेतालाई युगहरूले केवल एकपल्ट जन्माउँछ।

सत्ता स्वार्थका लागि तथाकथित 'परिवर्तन' –को नारा लाउनेहरूलाई पनि अब जनताले देखिसके। परिवर्तन स्वाभाविक हो, तर गलत परिवर्तनले राज्य र जनतालाई बर्बाद पार्दछ। दुइ वर्षमै गलत नेतृत्वले सिक्किमलाई दशकौं पछि धकेलिदिएको छ। यिनीहरूको घोषणा–पत्रका हरेक पन्ना झूट र धोकाले भरिएको छ, यिनीहरूले जे भने, त्यसको ठीक उल्टो गरे, गर्दैछन्। यिनीहरूले सिक्किम मात्र बिगारेनन्, युवा पुस्तालाई अँध्यारो भविष्यको डिलमा पुऱ्याइदिए। वरिष्ठ नागरिकहरूलाई, बाबु र अभिभावकसरह राजनेताहरूलाई बदनाम गर्ने, असम्मान गर्ने घृणित सोच यिनीहरूले समाजमा, युवाहरूमा फैलाए। यिनीहरूको सोच समाजमा एउटा घृणित विचारको रूपमा फैलिएको छ।

रहल पृष्ठ ७–मा

# सिक्किमको मान-सम्मान, प्रतिष्ठा, समृद्धि र गरिमालाई एसकेएम सरकारले भताभुङ्ग बनाएको आरोप

**गान्तोक (प्रेस विज्ञप्ति)।** एसडीएफ सरकारको २५ वर्षीय कार्यकालमा दिलाएको सिक्किमको मान-सम्मान, प्रतिष्ठा, समृद्धि र गरिमालाई एसकेएम सरकारले अढाई वर्ष भित्रमै भताभुङ्ग बनाएको आरोप राज्यको प्रमुख विपक्षी दल एसडीएफले लगाएको छ।

एक प्रेस विज्ञप्ति जारी गर्दै एसडीएफ पार्टीका सचिव, प्रचार-प्रसार मामिला श्री विष्णु दुलालले भनेका छन्, अढाई वर्षको कार्यकालमै एसकेएम पार्टी र सरकारले सिक्किम र सिक्किमे जनतालाई आफ्नो कमजोरी र अपरिपक्वताको परिचय दिइसकेको छ। जनमुखी नयाँ कार्ययोजना, विचार र दर्शनको अभावमा एसकेएम पार्टीका नेता र कार्यकर्ताहरू धताउने क्रम जारी छ। यसैले पार्टीको सभाहरू आयोजना गरेर विचार, कार्यक्रम बताउनुको सट्टा पूर्व मुख्यमन्त्री अनि एसडीएफ सरकारलाई गाली गर्ने एकसूत्रीय उद्देश्यमा एसकेएमका एक नम्बर नेतादेखि अन्य नेता तथा कार्यकर्ताहरू सरकार स्थापना गरेदेखि यता अडिग छन्। गत ८ सितम्बरको दिन मानेबुङ देन्ताम निर्वाचन क्षेत्रको समन्वय सभामा मन्त्री श्री लोकनाथ शर्माले 'एसडीएफ सरकारले बिगारेको काम एसकेएम सरकारले सपार्दैछ' भन्ने बयान अति लज्जास्पद, पाखण्डपूर्ण र हाँस्यस्पद छ। मन्त्रीजस्तो गरिमामय पदमा बसेका व्यक्तिले सत्य-तथ्य र वास्तविकतालाई नबुझि यसरी बयानबाजी गर्दा उनी विचारशून्य रहेको प्रमाणित भएको छ।

परिवर्तनको नाममा गठन भएको अहिलेको सरकारले भोगिरहेका सबै सुलभहरू २५ वर्षको कार्यकालमा एसडीएफ सरकारले निर्माण गरेको व्यस्थाको प्रतिफल हो। मन्त्री श्री शर्मा तथा एसकेम पार्टीलाई हामी गर्वको साथमा भन्न चाहन्छौं कि, एसडीएफ सरकारले आफ्नो दीर्घकालीन र न्वोन्वेषी विकासद्वारा सिक्किमको नाम र चिन्हारी देश अनि दुनियाँमा पहिचान गराएको हो। एसडीएफले सिक्किमको पहिचान नगराएको भए केन्द्रमा एसकेएम सरकारको एक कत्ती पनि बोली बिक्ने थिएन। सत्ताको मातमा धाक देखाएर उच्च आवाजमा कराउने एसकेएम पार्टीका नेता, मन्त्री, विधायक र कार्यकर्ताहरूको विकासीय आधारभूमि खोदल्यो भने एसडीएफ पार्टीकै प्रजातान्त्रिक र समावेशी सिद्धान्तको मोहकता भेटिन्छ।

एसडीएफ सरकारले २५वर्षको स्वर्णिम समय सिक्किम र सिक्किमे जनतालाई दिन पूर्ण रूपले सफल बन्यो। स्वर्णिम कालमा एसडीएफ पार्टीले सिक्किको सर्वाङ्गीन विकास गऱ्यो। सिक्किममा शान्ति र सुरक्षा कायम राख्यो।

सिक्किमको माटो, अस्तित्व र अस्मितालाई मान-सम्मानको साथमा सुरक्षित राख्यो। अहिले त्यहि स्वर्णिम समयमा एसडीएफले दिलाएको सर्वाङ्गीन विकास, समृद्धि र सिक्किमको अस्तित्वमा ग्रहण लागेको छ। गैरजिम्मेवार, अनुशासनहिन र अपरिपक्व एसकेएम सरकारले अढाई वर्ष भित्रमै एसडीएफ सरकारको २५ वर्षीय कार्यकालले दिलाएको सिक्किमको मान-सम्मान, प्रतिष्ठा, समृद्धि र गरिमालाई भताभुङ्ग बनाएको छ। यसको हामी घोर प्रतिवाद जनाउँदछौं। यसका साथै राज्य सरकारका मन्त्री श्री लोकनाथ शर्मालाई पूर्व मुख्यमन्त्री र एसडीएफ सरकारको आलोचना गर्न अघि एसकेएम सरकारले अहिलेसम्म एसडीएफ पार्टीले भन्दा नयाँ काम के गऱ्यो भन्ने विषयमाथि मनन्-चिन्तन र निर्क्यौल गर्ने सुझाउ दिंदछौं।

# मृतात्माहरूको नाममा राजनीति गर्नुभन्दा सीबीआई जाँच गराउन एसडीएफको माग

**गान्तोक (प्रेस विज्ञप्ति)।** एसडीएफ पार्टीले सत्तारूढ एसकेएम पार्टीलाई मृतात्माहरूको नाममा राजनीति गर्नुभन्दा सीबीआई जाँच गराउने माग गरेको छ।

एक प्रेस विज्ञप्ति जारी गर्दै एसडीएफ पार्टीका सचिव, प्रचार-प्रसार मामिला श्री विष्णु दुलालले भनेका छन्, एसकेएम पार्टीले जनमतको सम्मान गर्न आजसम्म सिकेकै छैन। बैमानी, अराजकता र अनुशासनहिनताको धरातलमा निर्मित यस पार्टीले जनमत तथा जनाधरको सम्मान गर्न कहिल्यै पनि सिक्ने छैन भनी हामी ठोकुवा गर्दछौं। उनीहरूकै प्रतिक्रियावादी, गैरजिम्मेवारी र अराजक कार्य शैलीले सिक्किमेली जनाधारको अपमान गरिएको बारम्बर पुष्टि भइरहेको छ। सिक्किमका जनताले आफ्ना बहुमूल्य भोट दिएर सत्तासिन गराएको हो एसकेएम पार्टीलाई। तर यस पार्टीले जनता र सिक्किमको सर्वाङ्गीन विकासको निम्ति जनताले नै आफ्नो मताधिकारद्वारा प्रदान गरेको सत्तालाई जनताकै निम्ति रतिभर पनि सदुपयोग गरेकै छैन, गर्न सकेकै छैन अनि गर्नेवाला पनि छैन। राज्यमा सत्तारूढ पार्टीद्वारा जमनमतको सदुपयोग नगरिएकोमा हामी घोर विरोध जनाउँदछौं।

सत्तासिन सत्तारूढ दलको निम्ति पाँच वर्षको समय भनेको जिम्मेवारी निर्वाह गर्ने समय हो। जनतालाई दिएका वचन र कसमहरू पूर्ण गर्ने बहुमूल्य समय हो। यस समयलाई सत्तारूढ पार्टी अथवा सरकारले सकरात्मक र रचनात्मक तरिकाले जनताको हित, न्याय अनि सर्वाङ्गीन् विकासको निम्ति सदुपयोग गर्नु पर्छ। यसको ठीक विपरित सत्तारूढ एसकेएम पार्टीले २५ वर्षीय एसडीएफ पार्टीको कार्यकाल अनि पूर्व मुख्यमन्त्री श्री पवन चामलिङलाई दोष्याउन मात्र जनाधरले दिएको रहल पृष्ठ ७-मा

## कृतघ्न पुस्ताले असमय...


पृष्ठ ६-को रहल

एसडीएफ पार्टीभित्र पनि महत्वाकांक्षी, व्यक्तिवादी, क्यारियरिस्ट तत्त्वहरूलाई यसले छोएको छ। जुन नेताले सिक्किमको भविष्यका लागि नेतृत्व तयार गर्न युवा कार्यकर्ताहरूलाई हुर्काए, आज उनीहरू प्रतिक्रियावादीहरूको लहैलहैमा लागेर आफ्नै नेतालाई असक्षम, अशक्त र वृद्ध घोषित गर्न उद्धत् बनेका छन्। पवन चामलिङलाई कम आँक्नु उहाँहरूको निम्ति ठूलो गल्ती हुनेछ। युगको धारा बदल्नसक्ने नेताले राजनीति, राजनीतिक मुद्दाहरूलाई बदल्नसक्छ।

जसरी आजको सत्तासित न कुनै नयाँ सपना छ, न विचार छ, न योजना र कार्यक्रम नै छ, उसरी नै एसडीएफभित्र पलाएका महत्वाकांक्षीहरूसित पनि न कुनै मौलिक विचार, सिद्धान्त र कार्यक्रम नै छ। पाको पुस्तालाई अपमान गर्नु नै यिनीहरूको सिद्धान्त हो। सिद्धान्तहीनहरू सत्ताको घोड़ामा चढ्नपाए जनतामाथि दमनको कोर्रा बर्साउँछन् भन्ने अनुभवसिद्ध भनाइ आजका तथाकथित विचारहीन 'क्रान्तिकारी' -हरूले प्रमाणित गरिसकेका छन्, जो हरेक आवाजलाई दबाउन, हरेक अधिकारलाई खोस्न, सिक्किमको हरेक सम्पदालाई रित्याउन दुइ वर्षमा महारत भइसकेका छन्। 'युवा' -को नाममा, 'परिवर्तन' -को नाममा आज सिक्किमको राजनैतिक मञ्चमा 'डुप्लिकेट' क्रान्तिकारीहरू उत्रिएका छन्।

महान् जर्मन कवि हाइनरिख हाइनेले भनेका छन् - WHEN THE HEROES GO OFF THE STAGE, THE CLOWNS COME ON ''नायक जब मञ्चबाट निस्कन्छन्, त्यतिखेर मञ्चमा विदूषक (हास्यपात्र) -हरू आइपुग्छन्।'' सिक्किमको राजनीतिक इतिहासको मञ्चमा पनि अहिलेघरी नायक केही समयका लागि पृष्ठभूमिमा गएका छन् र दर्शकहरूलाई कृत्रिम अभिनयद्वारा हँसाउन विदूषकहरू मञ्चमा चढ़ेका छन्। नाटक सकेको छैन, जनताका सञ्चित आक्रोशहरूलाई नेतृत्व गर्दै नायक फर्किआउनेछन् र सिक्किम रूपान्तरणको सुखान्त नाटक-कथाको उत्कर्ष (CLIMAX) सिक्किमे जनताले फेरि देख्नेछन्।

# जाग जाग सिक्किमे जनता




-शकुन गुरुङ

जाग जाग सिक्किमे जाग
सिक्किमको अस्तित्व बचाउन जाग,
जाग जाग सिक्किमे जाग
सिक्किमलाई बचाउन जाग!
जाग जाग सिक्किमे जाग
दिनदिनै सिक्किमको हालत खराब हुन थालेको छ,
जाग जाग सिक्किमे जाग
सिक्किमे छोराछोरीहरूको भविष्य अध्यारो हुन थालेको छ!
उठ उठ सिक्किमे उठ
न्यायको लागि भोक हर्ताल बस्नुपर्ने दिन आएको छ,
उठ उठ सिक्किमे उठ
आफ्नैहरूले यहाँ न्यायसित स्वार्थ साट्न थालेको छ!
हेर हेर सिक्किमे हेर
हिजो न्याय माग्नेहरूलाई साथ दिएर उचाल्नेहरू को थिए,
हेर हेर सिक्किमे हेर
आज न्याय दिने चौकीमा पुगेर सबै बिर्सिए!
सोच सोच सिक्किमे सोच
हिज चार जनाको लागि केश खाउरेर
सेतो कपडा ओडेर नाटक देखाउनेहरू खोई आज,
सोच सोच सिक्किमे सोच
आज सय सय जना शिक्षक र हजारौं विद्यार्थीहरूको
भविष्य अध्यारो बनाएको देख्दा
खोई ती लमुते नाटकबाज कहाँ छ आज!
विचार गर सिक्किमे विचार गर
हिज न्याय माग्नेहरूलाई साथ दिंदा राजनीति भएन,
विचार गर सिक्किमे विचार गर
आज न्याय माग्नेलाई साथ दिदा
कसरी भन्छौ राजनीति गर्नु पाएन!
सोच सोच सिक्किमे जनता सोच
सीसीटीभी क्यामेरा लगाईन्छ जनताको सुरक्षाको लागि,
सोच सोच सिक्किमे जनता सोच
आज सीसीटीभी क्यामेरा छेडछार गरिन्छ स्वार्थको लागि!
विचार गर मित्र हो विचार गर
हिज हरेक आन्दोलनमा साथ दिन अघि आउने गर्थ्यौ,
विचार गर मित्र हो विचार गर
आज हरेक अन्याय भोक्नेहरूले आन्दोलन गर्दा पछि सर्ने किन गर्छौ!
जाग जाग सिक्किमे जाग
सिक्किमेको अधिकार बचाउन जाग,
जाग जाग सिक्किमे जाग
सिक्किमले इज्जत बचाउन जाग!
सोच सोच सरकार सोच
हिज विपक्षीमा हुँदा अन्याय भयो भन्दै सबैलाई साथ दियौ,
सोच सोच सरकार सोच
तर आज आफै सरकारमा पुगे पछि
सबैलाई अन्याय गर्न किन थाल्यौं किन थाल्यौं ??

## एसडीएफ युवा मोर्चाद्वारा

# अन्तर्राष्ट्रिय युवा दिवस पालन




**गान्तोक।** १२-अगस्त, २०२१-को दिन एसडीएफ पार्टीको युवा मोर्चाद्वारा अन्तर्राष्ट्रिय युवा दिवसलाई भर्चुअल रूपमा पालन गऱ्यो। कार्यक्रममा एसडीएफ अध्यक्ष एवम् पूर्व मुख्यमन्त्री श्री पवन चामलिङ मुख्य अतिथिको रूपमा उपस्थित थिए भने उडिसा राज्यका पूर्व लोकसभा सांसद श्री कलिकेश सिंहदेव विशिष्ठ अतिथि थिए।

मुख्य प्रवक्ता एवम् युवा प्रकोष्ठका प्रभारी श्री एमके सुब्बाले अन्तर्राष्ट्रिय युवा दिवस पालन गर्नुको औचित्य स्पष्ट पार्दै वर्तमानमा युवाहरूको योगदान, भूमिका र कर्तव्यबारे प्रकाश पारे।

कार्यक्रममा राज्यका विभिन्न ठाउँका युवाहरूले समसामयिक विषयहरूमा आफ्ना आफ्ना विचार राखे। गेजिङका अर्जुन छेत्रीले एसडीएफ सरकारको कार्यकालमा शिक्षा प्रणाली कस्तो थियो भन्ने बारेमा वक्तव्य दिएका थिए। उनले भने, एसडीएफ सरकारले दुनियाँको कुनै पनि सरकारले गर्न नसकेको कामहरू सिक्किममा गरेका छन्। हामी सिक्किमका विद्यार्थीहरू कति भाग्यमानी छौ भने सिक्किममा कलेजसम्म निशुल्क शिक्षाको व्यवस्था एसडीएफ सरकारले गरिदिएका कारण आज सबैले आफ्ना छोराछोरीलाई राज्यमा निशुल्क शिक्षा दिन पाइरहेका छन्। शिक्षाले हामीलाई सत्य र असत्य छुट्ट्याउन सक्ने बनाएको छ भन्दै उनले भने, परिवर्तन सकारात्मक हुनुपर्छ नकारात्मक होइन। कोरोनाकालमा राज्यको शिक्षा व्यवस्था ढामाढोल भएको उल्लेख गर्दै उनले गेजिङ कलेजका चारजना विद्यार्थीलाई निस्कासित गरिएको विषयमा एसकेएम सरकारको कडा शब्दमा आलोचना गरे।

त्यसरी नै रूम्तेकका युवा कर्मा तोप्देन भोटियाले राज्यको आर्थिक परिस्थिति बारे सबैलाई अवगत गराउँदै देश र दुनियाँको आर्थिक परिस्थिति र राज्यको आर्थिक स्थितिबारे प्रकाश पारे। उनले राज्यको जीडीपी बढाउन भोकल फर लोकल भन्ने विषयलाई ध्यान दिनुपर्छ भने। उनले भने, २०१९-भन्दा अघि सिक्किमको जीडीपी कति थियो र अहिले २०१९-देखि यता राज्यको जीडीपी कहाँ पुगेको छ भन्ने बारेमा पनि हामी युवाहरू सोच्नुपर्छ। सिक्किमको हितका लागि सरकारलाई हामी युवाहरूले सरसल्लाह साथै सुझाउ राखेर हामीले राज्यको उत्पादन बढाउने तर्फपटि लाग्न एकदम जरुरी छ, उनले भने ।

सुश्री अनुराधा तामाङले पृथ्वीमा मौसम परिवर्तन भएको बारेमा आफ्नु कुरा राख्दै भनिन्, वर्तमान सरकारले एसडीएफ सरकारद्वारा पर्यावरण संरक्षण हेतु राज्यमा लागू गरेका कार्यक्रम र योजनालाई बेवास्ता गरेको अनि वर्तमान सरकारमा एकलाख भन्दा बढी रूख काटिएको आरोप लगाइन्। जैविक क्रान्ति जस्तो जीवनदायी क्रान्तिबारे पनि सरकारले ध्यान दिएको देखिँदैन भनिन्। उनले भनिन्, सरकारले गल्ती गर्दैछ भने सरकारको गल्तीलाई देखाउने अनि पर्यावरणलाई कसरी संरक्षण गर्नुपर्ने भन्ने विषयमा हामीले मनन चिन्तन गरेर हाम्रो राज्यको सुन्दर वातावरणलाई संरक्षण गर्न हामी युवा लागि पर्नुपर्छ भनिन्।

सुश्री उर्वशी खालिङ राईले राजनीतिमा युवाहरूको सहभागिताबारे आफ्नो कुरा राख्दै भनिन्, हामी युवाले राजनीतिलाई गम्भीर रूपमा जिम्मेवारीपूर्वक लिनुपर्छ। आज कलेज पढ्दै गरेका युवा विद्यार्थीहरूलाई प्रशासनले कलेजबाट निस्कासित गर्दा तिनै विद्यार्थीको मतद्वारा सांसद चुनिएका सिक्किमका सांसदले एकशब्द बोल्न नसक्नु दुर्भाग्यजनक हो आज राज्यका युवाहरूलाई राजनीतिमा भरोसा नलागेको हो भन्दै हामी युवाहरू राजनीतिमा अगाडि आउनुपर्ने बताइन्।

कार्यक्रममा सिच्छे निवासी अदित्य प्रधानको नेतृत्वमा युवा कलाकारहरूले हिपहप गीत प्रस्तुत गरेर दर्शकहरूलाई मनोरञ्जन गराए। आनन्द गुरुङ, समीर दर्जी, इच्छा गुरुङ, विवेक दर्जी , सोनाम भोटिया, सुभम राई, योजना सुजी आदिले युग सापेक्ष गीत गाएर युवा दिवसको सान बढाउँदै राज्यका धेरै युवाहरूलाई प्रोत्साहित गराएका थिए।

कार्यक्रमलाई अघि बढाउदै पार्टीका युवा प्रकोष्टका सदस्यहरूले तर्क प्रतियोगिता पनि आयोजित गरेका थिए। वर्तमानमा राज्यका युवाहरूले अभिव्यक्तिको स्वतन्त्रता पाएका छन् कि छैनन् भन्ने विषयमा तर्क राखिएको थियो। राज्यमा अभिव्यक्तिको स्वतन्त्रता छैन भन्ने टोलीमा सुश्री छुकी शेर्पा र सुश्री अनामिका गुरुङ थिए भने राज्यमा पूर्णरूपमा बोल्ने स्वतन्त्रता छ भन्ने पक्षमा अभिषेक छेत्री र अजीत बस्नेत थिए । प्रतियोगितामा अनामिका गुरुङ र छुकी शेर्पा विजय भएका थिए।

अन्तर्राष्ट्रिय युवा दिवसका मुख्यअतिथि पूर्व मुख्यमन्त्री श्री पवन चामलिङले आफ्नो सम्बोधनमा भने, युवाहरूले प्रजातन्त्रमा जिम्मेवारी वहन गर्नुपर्ने छ। राजनीतिमा मात्र नभएर आफ्नु रोजाइमा विभिन्न क्षेत्रमा अघि आएर राज्य समाज र देशको हितमा नेतृत्व दिन एसडीएफ अध्यक्षले आग्रह गरे। मुख्यअतिथि श्री चामलिङले एसडीएफ सरकारमा शिक्षा क्षेत्रमा उल्लेखनीय विकास भएको जानकारी दिए। उनले अझ भने, २००३-मा सिक्किम सरकारले राज्य ओबिसी-को मान्यता शुरु गरेको विषयलाई प्रकाश पार्दै अहिले २०२१-मा केन्द्र सरकारले सांसदमा विधेयक पारित गरेर राज्यहरूलाई ओबिसी-को सुची बनाउने अनुमति दिएकोले एसडीएफ सरकार कति दुरदर्शि थियो स्पष्ट भएको छ। एसडीएफ सरकारले राज्यमा लागू गरेका पर्यावरण केन्द्रित कार्यक्रमलाई अहिले अरु राज्यका राजनैतिक पार्टीहरूले आफ्नो घोषणापत्रमा सामेल गर्न थालेको विषयलाई बताउदै जैविक क्रान्ति अनि एक परिवार एक नोकरी आदि जस्ता एसडीएफ सरकारले गरेका कार्यहरू देश र दुनियाँमा उदाहरणीय बनेको बताए। श्री चामलिङले सिक्किमेली जनता र विशेष गरी युवा समुदायले राज्यको निम्ति सामुहिक जिम्मेवारी लिनुपर्ने बताउँदै राजनीति नीतिहरूको माउँ हो भन्दै उनले विद्यार्थीहरूले जिम्मेवारीका साथ राज्य र समाजको हितमा राजनीति गर्ने आग्रह गरे।

कार्यक्रममा शिक्षा अनि कोभिड -१९ विषय माथि चर्चा परिचर्चा पनि आयोजना गरिएको थियो। बहसको औचित्यबारे जानकारी पूर्व सांसद पिडी राईले दिएका थिए। कार्यक्रममा विशिष्ट अतिथिको रुपमा सहभागिता भएका उडिसा राज्यका पूर्व सांसद श्री कलिकेश सिंह देवले राजनीतिमा युवाहरूको भूमिका माथि प्रकाश पारेका थिए।

एसडीएफ पार्टीका युवा प्रकोष्ठद्वारा आयोजित गरेको अनलाइन अन्तराष्ट्रिय युवा दिवसमा पार्टीका वरिष्ठ कार्यकर्ता, युवा चेली साथै पूर्व विधानसभा अध्यक्ष केटी ग्याल्छेन, पूर्व विधायक एवं उपाध्यक्ष युवा इन्चार्ज डा.मिछुङ भोटिया आदिले सहभागिता जनाएका थिए भने कार्यक्रम सञ्चालन राम गुरुङले अनि शरद खड्काले गरेका थिए।

## फर्मूलाबिनाको मेमोरेण्डम...

पृष्ठ ३-को रहल

आरक्षण नभएको हो।

जबसम्म राज्य सरकारले स्पष्ट फर्मूलासहितको दस्तावेज केन्द्रलाई बुझाउनसक्दैन, तबसम्म लिम्बू-तामाङको सीट आरक्षण सम्भव छैन किनभने यो तरीका प्रशासन चलाउने सामान्य पद्धति हो। विधानसभामा एकैपल्ट पनि यी मुद्दाहरूमा चर्चा, छलफल र स्पष्ट रणनीति बनाउने सम्बन्धमा एसकेएम सरकार असक्षम भएपछि अहिले जनतालाई झुक्याउन यस्तो नाटक गरिरहेको छ। यदि एसकेएम सरकार राज्यका जनताप्रति इमान्दार छ भने निम्नलिखित मुद्दाहरूमा विधानसभाभित्र के छलफल भयो र कस्तो प्रस्ताव पारित गऱ्यो त्यो सार्वजनिक गरोस्। जनतासँग एसकेएम पार्टीले घोषणा गरेका वाचाहरू पूरा गर्ने विषयमा सरकार इमान्दार नभएपछि अहिले हाम्रोमा फर्मूला छ भन्दै एसकेएम पार्टीको सरकारले केन्द्रमा गएर नाटक मात्र गरेको हो ।

एसडीएफ सरकारले स्पष्ट फर्मूलासहित चालिस सीटको विधानसभामा १२ सीट बीएल, १ सीट संघ, २ सीट अनुसूचित जाति, ५ सीट लिम्बू-तामाङ र रहल २० सीट जेनरल गरेर केन्द्र सरकारलाई अनुमोदनको लागि पठाएको हो। यो फर्मूलामा एसकेएम पार्टीका नेताहरूले झोस पोल, चुकुलबाजी र केस गरेर प्राप्त भइसकेको मागलाई रोक्ने काम गरेका थिए। यदि त्यसबेला एसकेएम पार्टीका नेता भनौदाहरूले त्यस्तो घीनलाग्दो क्रियाकलाप नगरेको भए २०१९ -को अघि नै लिम्बू-तामाङको सीटको आरक्षण भइसकेको हुन्थ्यो। अहिले एसकेएम सरकारले कुन आधारमा यो माग केन्द्र सरकारसँग गरिरहेको छ, त्यो जनतामाझ सार्वजनिक गरेर देखाऊन्।

एसकेएम सरकारले केन्द्र सरकार समक्ष राज्यको लम्बित (Pending) मागहरूको दस्तावेज बुझाएका छौं भन्दै ढोल पिट्दा कसैले पत्याउनेवाला छैनन्। यदि केन्द्र सरकारसमक्ष दस्तावेज बुझाएको छ भने एसकेएम सरकारलाई ती दस्तावेज सार्वजनिक गर्न के को आपत्ति? एसकेएम पार्टीले २०१९ -को चुनाउमा गरेको जस्तो झुट र अफवाहको राजनीतिले अब जनता दिगभ्रमित हुनेवाला छैनन्, सबै सचेत भएका छन्। २०१९ -को चुनाउ अगाडि राज्यवासीसमक्ष गरेका वाचाहरू केवल सत्ता र चौकी हासिल गर्ने जरिया मात्र थिएछ भन्ने कुराको प्रमाण आज एसकेएम सरकारको अहिलेसम्मको क्रियाकलापले दिएको छ ।

## मृतात्माहरूको नाममा...

पृष्ठ ६-को रहल

बहुमूल्य अढाई वर्षको समय खर्च गरिसकेका छन्। यो नै एसकेएम पार्टीले जनाधारको अनादर गरेको ज्वालन्त उदाहरण हो। पूर्व मुख्यमन्त्रीलाई दोष्याएर एसकेएमले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेखित सबै बयान नितान्त झुटो र निधार हुन् भनी एसडीएफ पार्टी कडा शब्दमा भर्त्सना जनाउँदछौं। पूर्व मुख्यमन्त्रीलाई दोष्याउने समयलाई जनता र सिक्किमको दिगो विकास कसरी गरिनु पर्ने भन्ने महत्त्वपूर्ण विषयमाथि खर्चिने हामी सुझाउ पनि एसकेएम पार्टीका नेता र सरकारलाई दिँदछौं। पूर्व मुख्यमन्त्रीले सिक्किम निर्माणको निम्ति दिनु भएको योगदान राज्य मात्र नभएर राष्ट्कै इतिहासमा स्वर्णिम अक्षरमा अङ्कीत भइसकेको छ। त्यस इतिहासलाई कसैले नत भत्काउन र नत मेटाउनमै सक्छ भन्ने अकाट्य सत्यतालाई एसकेएमका नेता र कार्यकर्ताहरूले बुझुन्।

यसका साथै हामी एसकेएम पार्टी र सरकारलाई स्वर्गीय नन्दलाल शर्मा, स्वर्गीय तारामान छेत्री, स्वर्गीय सी.बी. चौहान, स्वर्गीय एन.के.गुरूङ, स्वर्गीय अरूण राई र स्वर्गीय महेश सुब्बाको हत्याकाण्ड सम्बन्धित फाइल पुनः खोलेर सीबीआई जाँच गराउने माग राख्दछौं। सीबीआई जाँच भएमा यी हत्याकाण्डको दोषी को हुन्; दूधको दूध, पानीको पानी भनेजस्तै छर्लङ्ग हुनेछ। एसकेएमले सत्ताको सिढी चढ्न अघि सीबीआई भित्र्याउने चुनावी मुद्दा बनाएकै हो। त्यसैले एसडीएफ पार्टी माग गर्दछ कि, उक्त मृतात्माहरूको नाम बेचेर राजनैतिक फाइदा उठाउने काम नगरेर एसकेएम पार्टीले सीबीआई राज्यमा ल्याउनु पर्छ। यसका साथै हामी जिम्मेवारी विपक्षी दलको रूपमा भन्न चाहन्छौं, सत्ता चढ्न अघि जनतालाई दिएको यो वचन झट्ट पूरा गर्न एसडीएफले सुझाउ दिएको छ।



१३ सितम्बरको दिन एसडीएफ अध्यक्ष श्री पवन चामलिङ आफ्नो सामाजिक भ्रमणलाई निरन्तरता दिँदै पश्चिम सिक्किमको योकसम–टाशीडिङ निर्वाचन क्षेत्रका विभिन्न गाउँहरूमा जानेक्रममा रङ्गीत पूलमा एसडीएफप्रेमी जनताले भव्य स्वागत जनाए। श्री पवन चामलिङको आगमनको प्रतीक्षामा रहेका एसडीएफप्रेमीहरू।

## तीज पर्व पालन

**गान्तोक।** चेली मोर्चाले सांस्कृतिक प्रकोष्ठको सहयोगमा इन्दिरा बाईपास्थित पार्टी मुख्यालयको प्रेक्षा गृहमा एउटा कार्यक्रम गरी हरितालिका तीज पर्व पालन गऱ्यो।

कार्यक्रममा वरिष्ठ उपाध्यक्ष तथा पूर्व विधायक श्रीमती मणिता प्रधान मुख्य अतिथि अनि वरिष्ठ उपाध्यक्ष तथा पूर्व मन्त्री श्रीमती आर अङ्मु भोटिया विशिष्ट अथितिको रूपमा उपस्थित थिए। कार्यक्रममा चेली मोर्चाका विभिन्न पदाधिकारीको विशेष उपस्थिति रहेको थियो।

कार्यक्रममा बोल्दै स्रोत वक्ता श्रीमती युगलकुमारी शर्माले हरितालिका तीजपर्वको महत्त्वबारे सबै चेलीहरूलाई अवगत गराइन्। उनले समाज निर्माणमा नारीको भूमिका मुख्य हुने बताउँदै सबै नारीहरू समयअनुसार अघिबढ्न आवश्यक रहेको जनाइन्। पूर्व मुख्यमन्त्री श्री पवन चामलिङ सिक्किमका आमा–चेलीहरूलाई न्याय दिने आजसम्मकै एक मात्र साँचो नेता भएको उनको भनाई थियो।

चेली मोर्चा वरिष्ठ उपाध्यक्ष श्रीमती निरू सेवाले आफ्नो छोटो सम्बोधनमा राज्यका नारीहरूको उत्थान र उन्मुक्तिका लागि एसडीएफ कार्यकालमा कार्यन्वयन भएका नारीमुखी योजनाबारे अवगत गराइन्। उनले नारीहरूलाई पैतृक सम्पत्तिको आधा हकधार, पञ्चायतमा पचास प्रतिशत तथा नोकोरीमा ३३ प्रतिशत आरक्षणका अतिरिक्त अविवाहित भत्ताको प्रावधान आदि जस्ता योजनाहरूले नारीलाई उन्नतिको मार्गमा अग्रसर गराएको जनाइन्।

मुख्य अतिथिको आसनबाट बोल्दै श्रीमती मणिता प्रधानले नारीहरूको अध्यारो इतिहासमा कष्ट, पीडा, अवहेलना र दमन अवस्था कसरी झेल्थे भन्ने विषयलाई प्रकाश पारिन्। उनले राज्यका नारीहरूको जीवनमा वृहत् परिवर्तन एसडीएफ पार्टीको आगमनले मात्र हुनसक्यो, भनिन् ।चेली मोर्चा महासचिव दिव्य शर्माद्वारा सञ्चालित कार्यक्रममा स्वागत भाषण प्रवक्ता सुश्री बन्दना शर्माले अनि धन्यवाद ज्ञापन चेली मोर्चा संयोजिका श्रीमती इन्दिरा प्रधानले राखेका थिए।



सिक्किमका जनप्रिय नेता तथा एसडीएफ पार्टीका सम्माननीय अध्यक्ष
एवम् पूर्व मुख्यमन्त्री
श्री पवन चामलिङज्यूलाई
शुभोजन्मोत्सवको पावन अवसरमा
सम्पूर्ण सिक्किमेली जनगण, सहयोद्धा मित्र, पार्टी पदाधिकारी एवम् शुभेच्छुहरूको तर्फबाट
हार्दिक मङ्गलमय शुभकामना अर्पण गर्दछौं।
सिक्किमको विकास र समृद्धिका लागि यहाँको सङ्घर्ष एवम् क्रान्ति सदैव अमर रहोस्, ईश्वरले यहाँलाई सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् दीर्घायूको आर्शीर्वाद प्रदान गरुन्। यहाँको नेतृत्व अझ सशक्त, ऊर्जावान र जीवन्त बनेर सिक्किमेली जनतालाई सही मार्गदर्शन गर्न समक्ष बनिरहोस्।
हाम्रो अशेष शुभकामना।

SDF केन्द्रीय कार्यकारिणी समिति एवम् एसडीएफ परिवार

सिक्किम डेमोक्रेटिक फ्रण्ट, प्रचार प्रसार मामिला विभागद्वारा प्रकाशित एवम् प्रशासित। ठेगाना, एसडीएफ भवन, इन्दिरा बाईपास, गान्तोक, सिक्किम, ७३७१०२, सम्पादकः कृष्ण खरेल